# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

आर्थिक वर्ष २०८१/२०८२ मा सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

**बागमती प्रदेश सरकार**

**सहकारी तथा गरिबी निवारण मन्त्रालय**

**हेटौंडा, नेपाल।**

# विषयसूची


१. मन्त्रालयको स्वरुप र प्रकृति

२. मन्त्रालयको काम कर्तव्य  र अधिकार

३. मन्त्रालयमा रहने कर्मचारी सङ्ख्य र कार्य विवरण

४. महाशाखागत कार्यविवरण

५. मन्त्रालयबाट प्रदान गरिने सेवा

६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी सम्बन्धित शाखा प्रमुख

७. निवेदन र उजुरी निर्णय गर्ने प्रकिया र अधिकारी

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

९. सम्पादन गरेको कामको विवरण

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

११. ऐन, नियम, मापदण्ड वा निर्देशिकाको सूची

१२. आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

### १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपालको संविधानले तीनतहको शासकीय स्वरूप व्यवस्था गरे बमोजिम सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा रहेका सात प्रदेश मध्ये भौगोलिकरूपले झण्डै बिच भागमा रहेको बागमती प्रदेश हो।यस प्रदेशमा रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, भक्तपुर, ललितपुर र काठमाडौं गरी १३ वटा जिल्ला रहेका छन्।यस प्रदेशमा ३ वटा महानगरपलिका, १ उपमहानगरपालिका, ४१ वटा नगरपालिका र ७४ वटा गाउँपालिका गरी कुल ११९ वटा स्थानीय तह रहेका छन्।

प्रदेश तहमा सहकारी तथा गरिबी निवारणको क्षेत्रमा कार्य सम्पादन गर्ने जिम्मेवारी सहित यस मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालय अन्तर्गत सहकारी र गरिबी निवारण विषय क्षेत्रहरुको कार्य जिम्मेवारी तोकिएको छ। लक्षित समुदायलाई प्राथमिकता दिई उनीहरुको आर्थिक र सामाजिक रुपान्तरण गरी सशक्तिकरण मार्फत गरिबी निवारण र सहकारी क्षेत्रमा सुशासन कायम गर्नु यस मन्त्रालयको मुख्य भूमिका रहेको छ।यो मन्त्रालय बागमती प्रदेश सरकारको मिति २०८१/०७/२७ को निर्णयानुसार गठन भई मिति २०८१/०८/०७ गतेदेखि कार्य सम्पादन गर्दै आएकोछ ।

### २. मन्त्रालयको कार्यविवरण

क) सहकारी संघ, सहकारी संस्था तथा सहकारी बैंक सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान

ख) सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड नीति तर्जुमा र नियमन

ग) सहकारी सम्बन्धी संघीय, अन्तरप्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य

घ) सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन

ङ) प्रदेश भित्र सहकारी संस्थाको दर्ता, नियमन, प्रशिक्षण तथा अनुगमन

च) आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य (सहकारी क्षेत्र)

छ) गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, शिक्षा, सूचना सङ्कलन, गरिब घर परिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण


ज) स्वरोजगार एवम् रोजगारमूलक सीप विकास तालिम सञ्चालन (सहकारी क्षेत्र) ।

३. मन्त्रालयमा रहने कर्मचारीको सङ्ख्या र कार्य विवरणः

**तालिकाः १ मन्त्रालयको दरवन्दी तेरीजः**

| क्र.स. | पद | सेवा/समुह | तह | स्वीकृत दरवन्दी |
|---|---|---|---|---|
| १ | प्रदेश सचिव | प्रदेश प्रशासन | अधिकृत एघारौं | १ |
| २ | महाशाखा प्रमुख | प्रशासन | अधिकृत नवौं/दशौं | २ |
| ३ | अधिकृत | प्रशासन | सातौं/आठौं | ६ |
| ४ | लेखा अधिकृत | लेखा | अधिकृत सातौं/आठौं | १ |
| ५ | सहायक/अधिकृत | प्रशासन | सहायक पाँचौ/छैठौं | ५ |
| ६ | सहायक/अधिकृत | विविध(कम्प्युटर) | सहायक पाँचौ/छैठौं | २ |
| ७ | सहायकस्तर (हलुका सवारी चालक) | | श्रेणीविहीन | ४ |
| ८ | सहायकस्तर (सहयोगी) | प्रशासन | श्रेणीविहीन | ६ |
| | जम्मा | | | २७ |

**रेखाचित्रः १ सङ्गठन संरचना र सङ्गठनात्मक तालिका**



## ४. महाशाखागत कार्यविवरणः

### क. प्रशासन तथा योजना अनुगमन महाशाखाः

- कानूनी विषयमा मन्त्रालयका अन्य महाशाखा तथा निकायबाट आएका कानूनी मस्यौदा तथा मापदण्डको तर्जुमा सम्बन्धी कार्य
- कर्मचारी प्रशासन सम्बन्धी सङ्गठन, दरबन्दी, पदपूर्ति, पद श्रृजना, खारेज सम्बन्धी प्रकृयागत कार्यहरू सम्बन्धी कार्य
- मानव संशोधन विकास सम्बन्धी नीति तर्जुमा एवं कार्यान्वयन सम्बन्धी कार्य
- मन्त्रालयको आन्तरिक सुरक्षा एवं आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य
- अभिलेख तथा विद्युतीय शासन सम्बन्धी कार्य
- अर्थ मन्त्रालय, सङ्घीय सरकारका मन्त्रालयहरू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग सम्पर्क र समन्वय गर्ने कार्य
- आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गराउने
- मन्त्रालयबाट संचालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन पृष्ठपोषण गर्ने
- आन्तरिक शाखाबीच समन्वय गरि कार्यक्रम संचालन गर्ने
- वार्षिक कार्यक्रम तर्जुमामा प्राप्त पृष्ठपोषण अनुसार सुधार गर्दै आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।

### ख. सहकारी तथा गरिबी निवारण महाशाखाः

- सहकारी सम्बन्धी प्रादेशिक नीति, कानून र मापदण्ड निर्माण गर्ने
- राष्ट्रिय सहकारी संगठन सँग सहयोग, समन्वय र सम्पर्क गर्ने
- सहकारी र गरिबी निवारण सम्बन्धी अन्तर निकाय समन्वय स्थापना गर्ने
- सहकारी संघसंस्था र ब्लकहरुसँगको समन्वय, सहकार्य, संवर्द्धन र विकास गर्ने
- सहकारी संघ संस्था सञ्चालन सम्बन्धी मापदण्ड, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गर्ने
- सहकारी सम्बन्धी अन्तर प्रादेशिक तथा स्थानीय तहसँग समन्वय र सहकार्य गर्ने
- सहकारीमा कार्यरत सरकार, राज्य तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरू तथा सहकारी संघ/संस्थाहरू सँग सहयोग र समन्वय गर्ने
- विशिष्टिकृत सहकारी सम्बन्धी कार्य गर्ने गराउने
- सहकारितामा आधारित व्यवसाय प्रवर्द्धन विकास गर्ने
- सहकारी शिक्षा सूचना, तालिम तथा शिक्षण अध्ययन र अनुसन्धान गर्ने
- सहकारी व्यवसाय सम्बन्धी प्रादेशिक तथ्याङ्क व्यवस्थापन गर्ने
- प्रादेशिक मन्त्रालयबीच गरिवी न्यूनीकरण सम्बन्धी कार्यक्रमहरुको समन्वय गर्ने

- गरिबीको रेखा मुनि रहेका घर परिवार र नागरिकको क्षमता अभिवृद्धि गर्ने
- आत्मनिर्भर व्यवसाय प्रवर्द्धन कार्यक्रम संचालन गर्ने
- गरिबीको रेखा मुनि रहेका परिवारका मानसिक र शारीरिक अशक्त भएका व्यक्तिहरु लक्षित विशेष नीति र कार्यक्रम पहिचान गरि कार्यान्वयन गर्ने
- कम्तीमा एक स्थानीय तह एक गरिबी निवारण कार्यक्रम संचालन गर्ने ।

## ५.मन्त्रालयबाट प्रदान गरिने सेवाः (नागरिक वडापत्र)

| क्र.स. | सेवाको विवरण | सेवाग्राहीले पुर्याउनु पर्ने प्रक्रिया/ आवश्यक कागजातहरू | सेवा प्राप्त गर्दा लाग्ने | | जिम्मेवार कर्मचारी शाखा/फाँट | गुनासो सुन्ने पदाधीकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | समय | शुल्क | | | |
| १ | दर्ता, चलानी, जनसम्पर्क तथा सोधपुछ | निवेदन र पुष्टयाइँ हुने कागजात प्रमाण | तत्काल | नलाग्ने | कर्मचारी व्यवस्थापन शाखा | प्रशासन योजना तथा अनुगमन महाशाखा प्रमुख | |
| २ | सामान्य कर्मचारी प्रशासन र आन्तरिक व्यवस्थापन | निवेदन र पुष्टयाइँ हुने कागजात प्रमाण | प्रक्रिया पुगेकोमा सोही दिन | नलाग्ने | कर्मचारी व्यवस्थापन शाखा | प्रदेश सचिव | |
| ३ | जिन्सी व्यवस्थापन | निवेदन र पुष्टयाइँ हुने कागजात प्रमाण | प्रक्रिया पुगेकोमा सोही दिन | नलाग्ने | जिन्सी शाखा र योजना शाखा | प्रदेश सचिव | |
| ४ | आर्थिक प्रशासन, लेखा परीक्षण, बेरुजु फछ्यौंट सम्बन्धी | आर्थिक प्रशासनसँग सम्बन्धित प्रचलित ऐन, कानून, नियम तथा मापदण्डहरुमा तोकिएको व्यवस्था बमोजिमका कागजातहरु | प्रक्रिया पुगेकोमा सोही दिन | नलाग्ने | आर्थिक प्रशासन शाखा | आर्थिक प्रशासन शाखा प्रमुख | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | बजेट, नीति, योजना तथा कार्यक्रम सम्बन्धी जानकारी | निवेदन र पुष्ट्याइँ हुने कागजात प्रमाण | ७ दिन | नलाग्ने | बजेट तथा योजना अनुगमन शाखा | प्रशासन योजना तथा अनुगमन महाशाखा प्रमुख | |
| ६ | सहकारी संघ/ संस्था दर्ता | दर्ता निवेदन, शेयर सदस्यको फोटो सहित तीन पुस्ते विवरण, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि,प्रारम्भिक भेलाको निर्णय प्रतिलिपि, रकम बुझेको भर्पाई, अधिकार प्रत्यायोजन, कबुलियतनामा, कार्ययोजना, सञ्चालक समितिका पदाधिकारीहरुको विवरण, सञ्चालकहरुले तालिम लिएको प्रमाणपत्र, सम्बन्धित स्थानीय तहको सिफारिस पत्र र विनियम। | प्रकृया पुगेपछी १५ दिन | रु १०/- | सहकारी समन्वय शाखा | सहकारी तथा गरिबी निवारण महाशाखा प्रमुख | |
| ७ | सहकारी सम्बन्धी तालिम | वार्षिक स्वीकृत कार्यक्रम अनुसार | तोकिए बमोजिम | प्रकृया पुरा गरी माग भएमा | बजेट तथा योजना अनुगमन शाखा | प्रशासन योजना तथा अनुगमन महाशाखा प्रमुख | |
| ८ | संघ/संस्था निरीक्षण तथा | सहकारी संघ/संस्थाहरुको स्थलगत निरीक्षण | संघ/संस्थाहरु को | नलाग्ने | सहकारी समन्वय शाखा | प्रदेश सचिव | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुगमन | तथा अनुगमन गर्ने | आर्थिक कारोबार बमोजिम | | | | |
| ९ | उजुरी तथा छानविन | सम्बन्धित सहकारी संस्था माथि शेयर सदस्यहरुबाट प्राप्त उजुरी उपर छानविन, सम्बन्धित पक्षहरुबीच छलफल तथा कारबाहीको लागि पत्राचार | तोकिए बमोजिम | नलाग्ने | कानून तथा फैसला कार्यान्वयन शाखा | प्रशासन योजना तथा अनुगमन महाशाखा प्रमुख | |
| १० | सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन, मूल्याङ्कन एवम् प्रगति विवरण | निवेदन र पुष्ट्याइँ हुने कागजात प्रमाण | ७ दिन | नलाग्ने | बजेट तथा योजना अनुगमन शाखा | प्रशासन योजना तथा अनुगमन महाशाखा प्रमुख | |
| ११ | नीतिगत व्यवस्था सम्बन्धमा जानकारी र पृष्ठपोषण | निवेदन, प्रस्तावना र सो पुष्ट्याइँ हुने फाराम दस्तावेज | ७ दिन | नलाग्ने | बजेट तथा योजना अनुगमन शाखा | प्रशासन योजना तथा अनुगमन महाशाखा प्रमुख | |
| १२ | गरिबी निवारण तथा बसोबास व्यवस्थापन | वार्षिक स्वीकृत कार्यक्रम अनुसार | तोकिए बमोजिम | नलाग्ने | गरिबी निवारण तथा सीप प्रबर्द्धन शाखा | प्रदेश सचिव | |
| १३ | सरकारी, गैरसरकारी र निजी निकायहरूसँग समन्वय | निवेदन, प्रस्तावना र सो पुष्ट्याइँ हुने फाराम दस्तावेज | तत्काल | नलाग्ने | कर्मचारी व्यवस्थापन शाखा | प्रशासन योजना तथा अनुगमन महाशाखा प्रमुख | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी जानकारी | | | | | | |
| १५ | सेवाग्राही गुनासो व्यवस्थापन | निवेदन र पुष्ट्याइँ हुने कागजात प्रमाण वा मौखिक रुपमा | तत्काल | नलाग्ने | कर्मचारी व्यवस्थापन शाखा | प्रशासन योजना तथा अनुगमन महाशाखा प्रमुख | |
| १६ | कानूनी परामर्श, ऐन, नियम, निर्देशिका तथा कार्यविधि सम्बन्धी | निवेदन र पुष्ट्याइँ हुने कागजात प्रमाण | १५ दिन | नलाग्ने | कानून तथा फैसला कार्यान्वयन शाखा | प्रदेश सचिव | |
| १७ | सूचना तथा संचार प्रविधि, ई-हाजिरी, सफ्टवेयर, वेबसाइट, एकीकृत कार्यालय व्यवस्थापन प्रणाली सम्बन्धी | निवेदन र पुष्ट्याइँ हुने कागजात प्रमाण | ७ दिन | नलाग्ने | कर्मचारी व्यवस्थापन शाखा | प्रशासन योजना तथा अनुगमन महाशाखा प्रमुख | |

## ६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी सम्बन्धित महाशाखा प्रमुख

| क्र.स. | सेवा | महाशाखा | जिम्मेवार अधिकारी |
|---|---|---|---|
| १. | सहकारी दर्ता र अध्यावधिक गर्ने | सहकारी तथा गरिबी निवारण | रजिष्ट्रार, सम्बन्धित अधिकृत र सहायक कर्मचारी |
| २. | सहकारीको विनियम संशोधन | सहकारी तथा गरिबी | रजिष्ट्रार, सम्बन्धित |

| | | | |
|---|---|---|---|
| | | निवारण | अधिकृत र सहायक कर्मचारी |
| ३. | सहकारी नियमन तथा प्रबर्द्धन | सहकारी तथा गरिबी निवारण | रजिष्ट्रार, सम्बन्धित अधिकृत र सहायक कर्मचारी |
| ४. | गरिबी निवारण सम्बन्धी कार्यक्रम | सहकारी तथा गरिबी निवारण | महाशाखा प्रमुख र सम्बन्धित अधिकृत र सहायक कर्मचारी |
| ५. | जिन्सी र प्रशासन सम्बन्धी सेवा | प्रशासन तथा योजना अनुगमन | महाशाखा प्रमुख सम्बन्धित अधिकृत र सहायक कर्मचारी |
| ६. | आर्थिक प्रशासन सम्बन्धी सेवा | आर्थिक प्रशासन | लेखा अधिकृत |

## ७. निवेदन र उजुरी निर्णय गर्ने प्रकिया र अधिकारीः

- सम्बन्धित शाखाबाट टिप्पणी उठाइ सचिवबाट स्वीकृत गर्ने।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

- प्रदेश सचिव

## ९. आ.व. २०८१।०८२ मा सम्पादन गरेको कामको विवरणः

- ❖ सहकारी संस्थाहरुमा देखिएका समस्याहरुको सम्बन्धमा अधिक वित्तीय तथा व्यवस्थापकीय संकटमा रहेका सहकारी संस्थाहरुको पहिचान गरी त्यस्तो संस्थाको सञ्चालक तथा पदाधिकारीहरुसँग निरन्तर छलफल गरी बचतकर्ताको बचत फिर्ता, संस्थाको सञ्चालन तथा व्यवस्थापन लगायतका विषयमा ठोस कार्ययोजना बनाएर पेश गर्न लगाई मन्त्रालयले नियमित रुपमा सुपरीवेक्षण तथा नियमन गर्दै आएको
- ❖ नियमित छलफल, अध्ययन प्रतिवेदन, निरीक्षण तथा छानबिन, सहकारी संस्थाको अवस्था, व्यवस्थापकीय सक्षमता, बचतकर्ताहरुको उजुरी तथा गुनासो आदिको आधारमा चरम वित्तीय संकटमा रहेका ५ वटा सहकारी संस्थाहरुलाई समस्याग्रस्त घोषणा गरी उक्त संस्थाहरुको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले गर्दै आएको।
- ❖ निक्षेप/बचत रकम फिर्ता नगरेको सम्बन्धमा सहकारी विभाग, जिल्ला प्रशासन कार्यालय, स्थानीय निकाय र सहकारी महाशाखा हेटौंडामा प्राप्त उजुरीहरुको सम्बन्धमा निक्षेप/बचत फिर्ता गरिदिन हुन, बचत फिर्ताको कार्ययोजना पेश गर्न र बचत फिर्ता नगर्नुको कारण सहित स्पष्टिकरण पेश गर्न पटक पटक पत्राचार भएकोमा कार्यालय समेत बन्द भइ पत्र फिर्ता

आएको, सञ्चालकहरुलाई मोबाइलमा सम्पर्क गर्दा सम्पर्क हुन नसकेको ९३ वटा सहकारी संस्थाहरुलाई प्रहरी कारबाहीमा पठाएको ।

- ❖ सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाउँदै सहज र प्रभावकारी बनाउन सहकारी संस्थाहरुको प्रतिवेदन, विवरण र अभिलेखहरुलाई डिजिटाइजेश गरी कार्यसम्पादनलाई छरितो बनाउने कार्य गरिएको ।
- ❖ हाल बागमती प्रदेशको नियमन क्षेत्राधिकार भित्र रहेका दर्ता सहकारी संस्थाहरु ३२३० वटा रहेकोमा प्रदेश सहकारी ऐन, २०७६ बमोजिम सहकारी संस्थाहरुले तोकिएको समयमा विवरणहरु पेश नगर्ने सहकारीहरुलाई त्यस्तो विवरण तथा प्रतिवेदन पेश गर्न सहज वातावरण तयार गरिएको।
- ❖ गरिबी निवारणका लागि चेपाङ, दलित र वञ्चितीकरणमा परेका समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गरी आयआर्जन तथा जीवनस्तरमा सुधार ल्याउने प्रयाश गरिएको
- ❖ सहकारी क्षेत्रमा रहेका समस्या समाधान र अवसर विषयमा प्रदेशस्तरीय गोष्ठी कार्यक्रम सम्पन्न गरिएको ।

## १०. सूचना अधिकारी र प्रमुखको नाम र पद

| प्रमुख र सूचना अधिकारी | नाम | पद |
|---|---|---|
| प्रमुख | खुविराम अधिकारी | प्रदेश सचिव |
| सूचना अधिकारी | राम प्रसाद गजुरेल | अधिकृत सातौं |

## ११. ऐन,नियम, विनियम वा निर्देशिकाको सूची

**क) ऐन**

- प्रदेश सहकारी सम्बन्धी ऐन, २०७६

**ख) नियम/नियमावली**

- प्रदेश सहकारी नियमावली, २०७६

**ग) मापदण्ड/निर्देशिका/कार्यविधि**

- सहकारी संघ/संस्था सञ्चालन, अनुगमन तथा लेखापरीक्षण सम्बन्धी मापदण्ड, २०७९
- सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेशको नियमन क्षेत्र भित्रका सहकारी संघ/संस्थालाई जारी निर्देशन-२०८२
- सहकारी तथा गरिबी निवारण मन्त्रालय, बागमती प्रदेशको नियमन क्षेत्र भित्रका सहकारी संघ संस्था तथा सम्बद्द शेयर सदस्यलाई जारि परिपत्र-२०८२

१२. **आम्दानी तथा खर्च सम्बन्धी अध्यावधिक विवरण(आर्थिक वर्ष २०८१।८२ को लक्ष्यको तुलनामा प्रगति)**

**२. चालु र पूँजीगत खर्च शीर्षकको प्रगति विवरणः**

**क. चालु खर्चः** **(रकम रु. हजारमा)**

| क.स. | ब.उ.शी.नं. | सब.ब.उ.शी.नं/ कार्यालयको नाम | आ.व.२०८१/०८२ को | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | खर्च | खर्च प्रतिशत | |
| १. | ३२५०००११३ | ३२५००३२२३३/सहकारी तथा गरिबी निवारण मन्त्रालय | ४६५९२ | २१८०३.७३ | ४६.८० | |

**ख. पुजीगत खर्चः** **(रकम रु. हजारमा)**

| क.स. | ब.उ.शी.नं. | सब.ब.उ.शी.नं/ कार्यालयको नाम | आ.व.२०८१/८२ को | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | कुल बजेट | खर्च | खर्च प्रतिशत | |
| १. | ३२५०००११३ | ३२५००३२२३३/सहकारी तथा गरिबी निवारण मन्त्रालय | १३२४० | ३८६२ | २९.१७ | |

(नोटः आ.व. २०८१/०८२ मा कुल बजेटको जम्मा ४२.९० प्रतिशत खर्च भएको छ ।)

| बजेट वक्तव्यको बुदा नं. | बजेट बक्तव्यको संक्षिप्त व्यहोरा | कार्यसम्पादनको अवस्था |
|---|---|---|
| ६९ | सहकारी विज्ञ र सरोकारवाला समेतको सहभागितामा अध्ययन गरी प्राप्त निष्कर्षको आधारमा ऋण सहकारी संस्थामा देखिएका समस्याको सहजीकरण र समाधान गरिनेछ । | ऋण सहकारी संस्थाहरुको सञ्चालक र बचतकर्ताहरुलाई बोलाएर नियमित छलफल हुने गरेको, |
| ७० | प्रदेशभित्रका सहकारीहरुको नियमन अनुगमनका लागि काठमाडौ उपत्यकामा | सहकारी रजिष्ट्रारको कार्यालय काठमाडौमा |

| | | |
|---|---|---|
| | सहकारी रजिष्ट्रारको कार्यालय स्थापना गरिनेछ । | स्थापनाको लागि प्रक्रिया अगाडी बढाइएको, |
| १५७ | गरिबसँग प्रदेश सरकार भन्ने नाराका साथ पहिचान भएका गरिब परिवारलाई कृषि, पशुपालन र साना व्यावसायिक कार्यका लागि दिइने कर्जामा ब्याज अनुदान | कार्यविधि निर्माणको चरणमा रहेको हुँदा कार्यक्रम कार्यान्वयन हुन नसकेको, |

❖ **सङ्कलन भएको राजश्वः** **(रकम रु. हजारमा)**

| क्र.सं. | राजश्व ख.शी.नं. | राजश्व शीर्षक | आ.व.२०८१/८२ मा संकलित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ३५९० | २०८२ असार मसान्तसम्म |

## १३. अघिल्लो आर्थिक वर्षमा मन्त्रालयबाट सञ्चालित कार्यक्रमहरु

- सेवा प्रवाहलाई सूचना प्रविधि मैत्री बनाउँदै सहज र प्रभावकारी बनाउन सहकारी संस्थाहरुको प्रतिवेदन, विवरण र अभिलेखहरुलाई डिजिटाइजेश गरी कार्यसम्पादनलाई छरितो बनाउन प्रारम्भिक चरणमा सफ्टवेयरको लागि प्रारुप तयार गर्ने कार्य भइरहेको छ।
- सहकारी संस्थाहरुमा देखिएका समस्याहरुको सम्बन्धमा अधिक वित्तीय तथा व्यवस्थापकीय संकटमा रहेका सहकारी संस्थाहरुको पहिचान गरी त्यस्तो संस्थाको सञ्चालक तथा पदाधिकारीहरुसँग निरन्तर छलफल गरी बचतकर्ताको बचत फिर्ता, संस्थाको सञ्चालन तथा व्यवस्थापन लगायतका विषयमा ठोस कार्ययोजना बनाएर पेश गर्न लगाई मन्त्रालयले नियमित रुपमा सुपरीवेक्षण तथा नियमन गर्दै आएको छ ।
- बचतकर्ताहरुको बचत फिर्ता नगरेको तथा बचत रकम हिनामिना गरेको लगायतका विभिन्न कारणले गुनासो सम्बोधनका लागि उजुरी परेका सहकारी संस्थाहरुको संख्या २०८२ असार मसान्तसम्म ३५५ वटा पुगेको छ ।
- नियमित छलफल, अध्ययन प्रतिवेदन, निरीक्षण तथा छानबिन, सहकारी संस्थाको अवस्था, व्यवस्थापकीय सक्षमता, बचतकर्ताहरुको उजुरी तथा गुनासो आदिको आधारमा चरम वित्तीय संकटमा रहेका ५ वटा सहकारी संस्थाहरुलाई समस्याग्रस्त घोषणा गरी उक्त संस्थाहरुको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले गर्दै आएको छ।

- निक्षेप/बचत रकम फिर्ता नगरेको सम्बन्धमा सहकारी विभाग, जिल्ला प्रशासन कार्यालय, स्थानीय निकाय र सहकारी महाशाखा हेटौंडामा प्राप्त उजुरीहरुको सम्बन्धमा निक्षेप/बचत फिर्ता गरिदिन हुन, बचत फिर्ताको कार्ययोजना पेश गर्न र बचत फिर्ता नगर्नुको कारण सहित स्पष्टिकरण पेश गर्न पटक पटक पत्राचार भएकोमा कार्यालय समेत बन्द भइ पत्र फिर्ता आएको, सञ्चालकहरुलाई मोबाइलमा सम्पर्क गर्दा सम्पर्क हुन नसकेको, आदि कारण हालसम्म प्रहरी कारबाहीमा पठाएको सहकारी संस्थाहरुको संख्या ९३ वटा पुगेको छ ।
- हाल बागमती प्रदेशको नियमन क्षेत्राधिकार भित्र रहेका दर्ता सहकारी संस्थाहरु ३२३० वटा रहेकोमा प्रदेश सहकारी ऐन, २०७६ बमोजिम सहकारी संस्थाहरुले तोकिएको समयमा विवरणहरु पेश गर्नुपर्नेमा त्यस्तो विवरण तथा प्रतिवेदन ढिलो गरी बुझाएका सहकारीहरुबाट दस्तुर बापत संकलित रकम रु. ३५,९०,०००/-(पैतिस लाख नब्बे हजार मात्र) पुगेको छ।
- गरिबी निवारणका लागि **चेपाङ, दलित र वञ्चितीकरणमा परेका समुदायको आयआर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रम** सम्बन्धी विशेष अनुदान मागको लागि मन्त्रालयले कार्यक्रम सञ्चालन प्रस्ताव तयार गरी पेश गरेबमोजिम रु.६,००,००,०००/-(अक्षेरुपी छ करोड मात्र) रकम संघीय विशेष अनुदान बजेट प्राप्त गरेको छ ।
- सहकारी क्षेत्रमा रहका समस्या समाधान र अवसर विषयमा प्रदेशस्तरीय गोष्ठी कार्यक्रम सम्पन्न भएको र यस मन्त्रालय र संघबिचको लागत साझेदारीमा **प्रथम बागमती प्रदेश सहकारी सम्मेलन-२०८१** र **६८ औं राष्ट्रिय सहकारी दिवस** सहित **१६ वटा लागत साझेदारी कार्यक्रम**हरु सम्पन्न भएका छन् । त्यस्तै यस मन्त्रालयको आयोजनामा र अन्य फर्म तथा कम्पनीहरुलाई जिम्मा दिई **६ वटा कार्यक्रम**हरु सम्पन्न भएका छन् ।

१४. **मन्त्रालयको बेबसाइटः**

- **http:**//mocpa.bagamati.gov.np

१५. **मन्त्रालयको इमेल ठेगानाः**

- mocpabagamati@gmail.com,
- mocpa@bagmati.gov.np,
- sahakarimahashakhap3@gmail.com

१६. **मन्त्रालयले सञ्चालन गरेका कार्यक्रमहरु र प्रतिवेदनः**

**नभएको।**